प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|
| १ असोज ९-१५ (सेप्टेम्वर २५-अक्टोबर १) | | | | | | | |
| २ असोज १६-२२ (अक्टोबर २-८) | | | | | | | |
| ३ असोज २३-२९ (अक्टोबर ९-१५) | | | | | | | |
| ४ असोज ३०-कार्तिक ५ (अक्टोबर १६-२२) | | | | | | | |
| ५ कार्तिक ६-१२ (अक्टोबर २३-२९) | | | | | | | |
| ६ कार्तिक १३-१९ (अक्टोबर ३०-नभेम्वर ५) | | | | | | | |
| ७ कार्तिक २०-२६ (नभेम्वर ६-१२) | | | | | | | |
| ८ कार्तिक २७-मंसिर ३ (नभेम्वर १३-१९) | | | | | | | |
| ९ मंसिर ४-१० (नभेम्वर २०-२६) | | | | | | | |
| १० मंसिर ११-१७ (नभेम्वर २७-डिसेम्वर ३) | | | | | | | |
| ११ मंसिर १८-२४ (डिसेम्वर ४-१०) | | | | | | | |
| १२ मंसिर २५-पुस २ (डिसेम्वर ११-१७) | | | | | | | |
| १३ पुस ३-९ (डिसेम्वर १८-२४) | | | | | | | |

# पुरानो करारका कम परिचित केहि पात्रहरूका पृष्ठभूमी

(Background characters in the Old Testament)

लेखक:
जेराल्ड तथा शान्टल क्लिङ्बेल

अनुवादक
भजुराम श्रेष्ठ

पब्लिशिङ्ग डिपार्टमेन्ट अभ्
सेभेन्थ-डे एडभेन्टिस्ट चर्च,
नेपाल फिल्ड

(Publishing Department of Seventh-Day Adventist Church, Nepal Field)

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : www.nepalworks.com/bhajupurna

प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग

प्रथम संस्करण : २०६७ (ई.सं. २०१०)

पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान
साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

प्रकाशन सहयोगी - अमर पोते

कम्प्यूटर लेआउट तथा आवरण चित्र
सुजीत कुमार साह

प्रकाशनको लागि आर्थिक सहयोग : डेनमार्ककी गैर-मिशन कर्मचारी महिला

**(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नुहोला)**

अनुवादकको अनुरोधः पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुटिहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन्

**प्रकाशक**
पा. उमेश कुमार पोखरेल,
निर्देशकः पब्लिशिङ्ग डिपार्टमेन्ट नेपाल फिल्ड अभ एसडिए चर्च, फोनः ६६३७१८१, umsan@wlink.com.np
सम्पर्कः-
एल्डर कुबेर लामिछाने ☎ ९८४१७१५०९५
एल्डर मदन आचार्यः निर्देशक इष्ट हिमालयन रिजन जलपाईगुरी, पश्चिम बंगाल, ☎००९१९४३४५००९८३/००९१९००२५५३२०४
एल्डर भजुराम श्रेष्ठ, ☎ ५५२७८३० bhajupurna@gmail.com

## अस्थाई पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन – पुष ९, २०६७ (डिसेम्वर २४, २०१०)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असोज ९-१५ (सेप्टेम्वर २५-अक्टोबर १) |
| २ | अध्याय २ | असोज १६-२२ (अक्टोबर २-८) |
| ३ | अध्याय ३ | असोज २३-२९ (अक्टोबर ९-१५) |
| ४ | अध्याय ४ | असोज ३०-कार्तिक ५ (अक्टोबर १६-२२) |
| ५ | अध्याय ५ | कार्तिक ६-१२ (अक्टोबर २३-२९) |
| ६ | अध्याय ६ | कार्तिक १३-१९ (अक्टोबर ३०-नभेम्वर ५) |
| ७ | अध्याय ७ | कार्तिक २०-२६ (नभेम्वर ६-१२) |
| ८ | अध्याय ८ | कार्तिक २७-मंसिर ३ (नभेम्वर १३-१९) |
| ९ | अध्याय ९ | मंसिर ४-१० (नभेम्वर २०-२६) |
| १० | अध्याय १० | मंसिर ११-१७ (नभेम्वर २७-डिसेम्वर ३) |
| ११ | अध्याय ११ | मंसिर १८-२४ (डिसेम्वर ४-१०) |
| १२ | अध्याय १२ | मंसिर २५-पुस २ (डिसेम्वर ११-१७) |
| १३ | अध्याय १३ | पुस ३-९ (डिसेम्वर १८-२४) |

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १ | कथा र इतिहास | १ |
| २ | कालिबः लक्षित जीवनमा अग्रसर | १३ |
| ३ | हन्नाः इतिहासको पानाबाट नहराउन अठौत् | २५ |
| ४ | जोनाथानः महान व्यक्तित्व हुन जन्मिएका | ३७ |
| ५ | अबिगेलः परिस्थितिको वन्ध नबनेका | ४९ |
| ६ | युरियाहः निष्ठावान बिदेशी | ६१ |
| ७ | अबियथारः पुजारी | ७३ |
| ८ | योआबः कमजोर भएतापनि दाउदका बलियो व्यक्तित्व | ८५ |
| ९ | रिजपाः निष्ठावान भएर अडिग रहनु | ९७ |
| १० | परमेश्वरको जनः आज्ञा पालन गर्नुको अपरिहार्यता | १०७ |
| ११ | जेरेफाथकी बिधवीः विश्वासमा हाम फाल्नु | १२१ |
| १२ | गिहजीः निशाना चुकाउने | १३३ |
| १३ | बरुकः तुक्रिन लागेको विश्वमा सम्पदाको निर्माण गर्नु | १४५ |


भूमिका

# "छायाँभित्र लुकिका पात्रहरु"

न त बाइबलका इतिहास न त विश्वको इतिहासमा आँकडा, रेखाचित्र (चार्ट) अथवा गिन्तीहरूलाई पूर्णता दिएको हामी पाउँछौं। प्रायजसो इतिहासलाई कथाहरूबाट बताएको पाइन्छ। प्रभु येशू आफै प्रखर कथावाचक हुनुहुन्थ्यो। उहाँले कथाहरूलाई अत्यन्त प्रभावशाली ढँगमा प्रस्तुत गर्नु हुन्थ्यो (मत्ती ७:२८, मत्ती १३:३)।

यस अध्ययन पुस्तिकामा विविध कथाहरूलाई समावेश गरिएका छन्। तर तपाईंलाई यो अचम्म लाग्ला, किनभने यहाँ उल्लेख गरेका पात्रहरू बाइबलका पर्दा भित्र लुकिका छन्। यसको अर्थ तिनीहरू बाइबलका प्रख्यात गन्यमान्य पात्रहरूमा गनिएको हामी पाउँदैनौं। अर्थात्, उनीहरू बाइबलका चम्किलो ताराहरूमा गनिएको पाउँदैनौं: जस्तै मोरियाहको पहाडमा उल्लेखनिय घटनामा सहभागी अब्राहम र उनको पुत्र इसहाक, सिहँहरूको खोरमा फ्याँकिएका दानियल न त दाउद र गोलियाथको बारेमा। बरू यस्ता पात्रहरूको बारेमा हामी अध्ययन गर्नेछौं जो बाइबलको पृष्टभूमी वा पर्दा पछाडि रहेका थिए। प्रायजसो मानिसहरूले ती पात्रहरूलाई बिर्सेका हुन्छन्।

यस अध्ययनको केन्द्रविन्दु ती पुरानो करारका चरित्रहरू हुन् जो सार्वजनिक रूपमा अपरिचित भएर लुकिरहका थिए। यस पुस्तकमा प्रस्तुत गरिएका केहि पात्रहरू असल छन् त केहि त्यस्ता असल छैनन्। हामीले अध्ययन गरिने पात्रहरूको बारेमा धेरै लेखेको पनि पाउँदैनौं। तर जति तिनीहरूको बारेमा लेखिएका छन्, हाम्रो पाठको निम्ति ती पर्याप्त छन्। तिनीहरूबाट हाम्रो चरित्र कस्तो हुनुपर्दछ र कस्तो हुनुपर्दैन भनेर सिक्नेछौं। तिनीहरू को हुन् त? तिनीहरू सहजकर्ता, सेवक, राजा र रानीहरू हुन्।

आज हामीले सामना गर्नु परेको समस्याहरू भन्दा ती पात्रहरूका समस्याहरू भिन्न थिएनन्। तिनीहरूका संस्कार र परिस्थिति हाम्रो भन्दा फरक त होलान्। तर पापको दलदलमा फसेको संसारमा रहनुपर्दा, दुःख कष्ट वा दर्द तिनीहरूले पनि भोगेका थिए। यथार्थमा भन्ने हो भने तिनीहरू

दुष्ट र असलको संग्रामको बिचमा कसलाई चुन्ने भन्ने निर्णयमा फसेका थिए। ती संग्राममा निर्णायक पक्ष लिन हामी पनि सहभागी भइरहेका छौं। तर कुन असल कुन खराब भनेर छुट्याउन गाऱ्हो भएकोले त्यो संग्राम ती पात्रहरूको निम्ति मात्र होइन हाम्रै निम्ति पनि जटिल भएको महशूस गरिरहनु परेको छ। यसको मूख्य कारण त त्यस संग्रामको बिचमा तानिएको रेखालाई धमिलो देख्नु नै हो।

प्राय जसो हामीले अध्ययन गर्ने नदेखिएका चरित्रहरूको जीवन महत्वपूर्ण भएको पाउँदैनौं। हामीहरूमा कतिपयले पनि यस संसारमा, कुनै समूहमा वा चर्चमा पनि हामीहरूको भूमीका उल्लेखनिय नभएको पाउँछौं। दैनिक जीवनको इतिहासको महान् मानचित्रमा हामीले कुनै महत्वपूर्ण भूमिका खेलिरहेकाछौं भन्ने प्रत्याभूति नपाउनु सजिलो कुरा हुन सक्छ। तर अन्तमा पृष्ठभूमिमा लुकिरहेका भएतापनि बाइबलभित्रका ती पात्रहरूले अत्यन्त प्रभावशाली भूमिका भनेर परमेश्वरको नजरमा खेलेका थिए। तिनीहरूका कथाहरूबाट हाम्रै जीवनको कथाहरूलाई कसरी राम्ररी बनाउने वा नबनाउने भन्ने निर्णायक कदमहरू लिन हामीलाई अग्रसर गराउँदछन्।

यस अध्ययनमा उल्लेखित पात्रहरूको क्रियाकलापलाई सधैं समर्थन पनि गर्न सकिन्दैन्। तिनीहरू पृष्ठभूमिमा रहेको कारणले फेरि तिनीहरूको बारेमा त्यत्तिको ध्यान दिन सजिलो छैन। जब हामी कुनै कथाहरू सुन्छौं वा पढ्छौं, प्रायजसो ती कथाका महत्वपूर्ण भाग र पात्रहरूलाई मात्र सम्झन्छौं। यो स्वाभाविक कुरो हो। र यसमा हामीले कसैलाई पनि दोष दिनुहुँदैन। त्यसै कारणले हामीले यस अध्ययनमा ती पात्रहरूको बारेमा अध्ययन गर्न गइरहेकाछौं जो झट्ट हेर्दा बाइबलको परिवेशमा कम भूमिका खेलेका थिए। तर तिनीहरूको बारेमा खोतल्दा हामीलाई तिनीहरूले बाइबलको गहिऱ्याइमा पुऱ्याइ देला भनि आशा गर्दछौं।

आजको संसारमा ध्यान दिने कलालाई गुमाइ रहनु दुर्भाग्यपूर्ण हुन गएकोछ। सिनेमा भवनहरूमा भएका विभिन्न रङ्गीचङ्गी क्रियाकलाप, टेलिभिजनमा देखाउने आकर्षित दृष्यहरू र रेडियो आदिका घन्किने आवाजहरूले गर्दा हाम्रो जीवनमा सुन्नुपर्ने आवाजहरूलाई सुस्त पारिरहेकाछन्। हामीले आशा गरौं, यस्तो वातावरणमा हामीले अध्ययन गर्न गइरहेका पर्दा पछाडिका पात्रहरूले हामीलाई केहि हदसम्म आत्मिक जीवनमा सहयोग गरून। तिनीहरूको बारेमा सोचविचार गरि अध्ययन गर्नेछौं। जब बाइबलका पानाहरूबाट तिनीहरूले हामीलाई बोलेको पाउँछौं तब परमेश्वरको वचनमा भएका नयाँ सत्यहरूको बारेमा हर्षपूर्वक सिक्नेछौं।

अन्तमा हामीले बाइबलका ती लेखकहरूको बारेमा सरसर्ती हेर्नेछौं जसले ती लुकिएका पात्रहरूलाई आफ्ना लेखहरूमा समावेश गरेका थिए। ती लेखकहरूको बारेमा हेर्दा परमेश्वर कस्तो शक्तिशाली हुनुहुँदो रहेछ भनेर हाम्रै जीवनमा खोतल्न सहयोग गर्नेछ। आजको बिसौं शताव्दीमा आफ्नो समय र परिश्रमलाई लगानी गर्नु अघि त्यसबाट हुने फायदा मानिसहरूले पहिला खोज्दछन्। हाम्रै छरछिमेकी, परिवार र मित्रहरूले हाम्रा आस्था र शिक्षा भन्दा प्रथमतः हाम्रै जीवनलाई नियालेको पाउँछौं। हाम्रो शिक्षादिक्षालाई भन्दा हाम्रो जीवनशैलीप्रति तिनीहरूको गम्भिर चासो हुन्छ भन्ने तथ्यलाई कहिलै पनि भूल्नु हुन्न।

परमेश्वरको बारेमा अरूलाई सुनाउनुभन्दा पहिले परमेश्वरले हाम्रो जीवनमा कस्तो काम गर्नुभएको छ र गरिरहनुभएको छ भन्ने वृतान्त तिनीहरूको निम्ति प्रभावशाली हुनसक्छ। जब हामी बाइबलका पृष्ठभूमिमा रहेका पात्रहरूलाई नियालेर अध्ययन गर्छौं तब हामी पनि परमेश्वरको महान मुक्तिको योजनामा हामी कसरी भूमिका खेलिरहेका रहेछौं भनेर पत्ता लगाउनेछौ। हो, हामी प्रख्यात नहौंला, हामी अधिकारले सम्पन्न भएको व्यक्ति नहौंला, हाम्रो अस्तित्वको बारेमा कसैलाई थाहा नहोला, चर्च, समाज र देशमा हाम्रो पहिचान वा कदर नगन्य होला। तर याद गर्नुहोस्, सारा संसारको निम्ति परमेश्वरले दिनुभएको महान् मुक्तिको योजनामा कुनै न कुनै रूपले हामी पनि प्रमूख भूमीका खेलिरहेका रहेछौं भनेर यस अध्ययनले प्रत्याभूति दिनेछ।

यस अध्ययनका लेखक जेराल्ड र शान्तल क्लिङ्बेल हुन्। तिनीहरूका तिन छोरीहरू छन्, जसको नाउँ हान्ना, सारा र जमिना हुन्। तिनीहरू अफ्रिका, दक्षिण अमेरिका, युरोप र यशियाका विभिन्न भागहरूमा कामको शिलशिलामा खटिएका थिए। जेराल्ड क्लिङ्बेल एडभेन्टिष्ट चर्चको मुखपत्र एडभेन्टिष्ट रिभ्युको सहसम्पादक हुनुहुन्छ।